बरिना बल, किवी खेतीमा सफल । पृष्ठ ६ मा


प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७२९५०७२
इमेल:
bikaskhabar@gmail.com

● मकवानपुर, वर्ष-१३, ● अंक-१६ ● २०७७ कात्तिक १७ गते सोमबार, ● 02 Nov. 2020, ● नेपाल सम्वत्-११४०, ● पृष्ठ-६, ● मूल्य रु. १०/-



## वडाध्यक्ष बलले बनाए आफ्नै बाबुको शालिक

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकामा पूर्वजनप्रतिनिधि अष्टमान बलको सालिक निर्माण गरिएको छ । थाहा-११ का वडाअध्यक्ष किरणमान बलले आफ्नै बाबु पूर्वजनप्रतिनिधि अष्टमानको सालिक स्थापना गरेका हुन् ।

टिस्टुङ, नौखण्डेस्थित वडा कार्यालय अगाडि निर्माण गरिएको शालिकको ११ कात्तिकमा अनावरण गरिएको हो । थाहाको टिष्टुङ क्षेत्रको पहिचानका लागि पूर्वजनप्रतिनिधि बलको शालिक स्थापना गरिएको हो । थाहा नगरपालिकाको ११ र १२ नम्बर वडा कार्यालयले संयुक्त रूपमा २८ कात्तिक, २०७६ मा बलको सालिक निर्माण गर्ने निर्णय गरेको थियो ।

नगरपालिकाले टिष्टुङ पहिचान स्तम्भ शीर्षकमा १० लाख रूपैयाँ विनियोजन गरेपछि सालिक निर्माण गरिएको हो । करिब ११ लाख खर्चमा अर्धकदको सालिक निर्माण गरिएको ११ नम्बरका वडाध्यक्ष बलले जानकारी दिए ।



अष्टमान मकवानपुरको सुदूरउत्तरमा पर्ने साविक टिस्टुङ गाविसका पूर्वजनप्रतिनिधि हुन् । प्रतिनिधिसभा सांसद तथा नेकपाका केन्द्रीय सदस्य विरोध खतिवडाले स्व. बलको स्मृति दिवस अवसरमा शालिक अनावरण गरेका हुन् । बल प्रधानपञ्च तथा तत्कालीन टिष्टुङ गाविसका अध्यक्षसमेत थिए । १४ पुस २००२ मा जन्मिएका बल २०४३ देखि २०४६ सम्म तत्कालीन टिस्टुङ पञ्चायतको प्रधानपञ्च थिए । बहुदलपछि ०४९ को स्थानीय निर्वाचनमा तत्कालिन नेकपा एमालेबाट गाविस अध्यक्षमा उनी निर्वाचित भएका थिए । नेपाल तामाङ घेदुङ मकवानपुरका संस्थापक अध्यक्षसमेत रहेका बल ८ वर्ष भारतीय सेनामा काम गरेर आएकाले गाँउमा उनी 'लाहुरे' उपनामबाट परिचित थिए ।

निडर स्वभाव र विकास अभियानकर्मीका रूपमा उनले सामाजिक काममा आफूलाई संलग्न गराए । उनै बलले ०४३ मा तत्कालीन साना किसान विकास आयोजना कार्यक्रमअन्तर्गत गाउँमा कुटानी पिसानी मिल स्थापना गरेका थिए । बल तत्कालीन बागेश्वरी प्राविको व्यस्थापन समितिको अध्यक्ष भएर स्थानीय स्तरमा शिक्षाको जग बसाल्न प्रयत्नशील भए ।

शालिक अनावरण गर्दै सांसद खतिवडाले बलले दुर्गम स्थानमा परिवर्तनका लागि आधार खडा गरेकाले हालको विकास सम्भव भएको बताए । थाहा नगरपालिकाका प्रमुख लवशेर विष्टले बल अन्याय र अत्याचारविरूद्ध लड्ने योद्धा भएको स्मरण गरे । इन्द्रसरोवर गाँउपालिकाका अध्यक्ष जीवन लामाले बल उतिबेला समुदायमा जागरण ल्याउन पहल गर्ने नेता भएको दाबी गरे ।

थाहाको टिष्टुङ उत्तरी क्षेत्रकै प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकास हुँदै छ । वडाध्यक्ष बलले ११ नम्बर वडामा मात्रै आधा दर्जन पर्यटकीय स्थल निर्माण गरिरहेका छन् । टिष्टुङमा चर्चित नर्वे ढुंगा छ, जहाँ काठमाडौंदेखि पर्यटक घुमफिरका लागि पुग्छन् । ११ नम्बर वडामा खुकुरी ढुंगा, चरी ढुंगा, मुस्कान झरना निर्माण भएको छ । यसैगरी देशका विभूतिहरूका प्रतिमा एकै ठाउँ देख्न पाइने गरी राष्ट्रिय विभूति पार्क निर्माण गरिँदै छ ।

### कोरोना कहरकाबीच मनाइयो

## चित्लाङमा कात्तिक नाच

विकास संवाददाता
थाहा नगर

मकवानपुरको थाहानगर स्थित पर्यटकीय गाउँ चित्लाङमा १५ कात्तिक रातीबाट कात्तिक नाच (कतिपुन्हि प्याख्यँ) सुरू भएको छ । पाँच सय वर्षअघिबाट सञ्चालनमा आएको यस नाच दसैंको कोजाग्रत पूर्णिमादेखि शुरू हुन्छ । नाचको पुर्वसन्ध्यामा स्वच्छन्द भैरवको रथ चित्लाङ माझगाउँमा घुमाएपछि कात्तिक नाच शुरू हुन्छ ।

बेलुका गाउँमा युवाले रथ घुमाएर पूजाआजा गरेपछि तीन दिनसम्म नाच सञ्चालन गरिन्छ । गाउँका मुख्य गुरू रामकृष्ण बलामीको घरमा पूजा गरी ५ वटा देवताको नाच निकालिन्छ । वर्षेनी हुने यो नाचमा गणेश, बाराही, भैरब, महालक्ष्मी र कुमारी नचाइन्छ । '१२ वर्षमा हुने नाचमा भने पुजाविधि नै फरक हुन्छ, देउता पनि ९ वटा हुन्छ'- नाच गुरू समेत रहेका बलामीले भने । विभिन्न देवताका मुखुन्डो लगाएका बाजाको तालमा पहिलो रातभर माझगाउँस्थित अशोक चैत्य परिसरमा पुगेर देवाताले नृत्य देखाउने गर्छन् । त्यस्तै दोस्रो र तेस्रो रात भने माझगाउँको डबलीमा रहेको खटमा देउताहरू नाच्ने गर्दछन् । १७ कात्तिकको रातसम्म विभिन्न किसिमका नेवारी नृत्य प्रस्तुत गरी यो नाच देखाइने स्थानीय लक्षीलाल बलामीले बताए । 'रात भरी-भरी नाँच प्रस्तुत गरिन्छ,' बलामीले भने,-नाँच हेर्न स्थानीयवासी रातभर जाग्राम बस्छन् । पहिले पहिले त काठमाडौं र ललितपुरबाट पनि जात्रा हेर्न ठूलो संख्यामा आउने गर्थे, यसपाली कोरोनको कारण आएनन् ।'



वर्षेनी प्रदर्शन हुने ऐतिहाँसिक नाचमा चित्लाङका नेवार समुदाय मात्र होइन, बज्रबारही, मार्खु, कुलेखानी लगायत क्षेत्रका बासिन्दा रातभर जात्रामा बस्छन् । वृद्धदेखि बालकसम्म जात्रामा सहभागी हुन्छन् । जात्रामा पुरूषको भन्दा महिला संख्या अधिक रहने गरेको छ । त्यसो त यसपालि भने उक्त संख्यामा कमी आएको थाहा नगर पालिका वडा नम्बर ९ का वडा अध्यक्ष परशुराम श्रेष्ठले बताए । यसपालि सामान्य ढंगले पुजाआजा गरी मनाउन अनुरोध गरिएको अध्यक्ष श्रेष्ठले जानकारी दिए । स्थानीय लक्षीलाल बलामीका अनुसार नाचका क्रममा हुने कृष्णलीला ५ सय वर्षदेखि यहाँ सञ्चालन भइरहेको जनाए । ऐतिहाँसिक नाचको संरक्षण तथा प्रवर्द्धनका लागि वडा कार्यालयले पनि सहयोग गर्ने गरेको अध्यक्ष श्रेष्ठले बताए । वडाअध्यक्ष श्रेष्ठ भन्छन्-'साँस्कृतिक नाचले चित्लाङको पर्यटन प्रवर्द्धनमा समेत बल पुग्छ, गएको वर्ष ६० हजार रूपियाँ सहयोग गरे, यस वर्ष नि धेरथोर सहयोग गर्छु ।'

**लकडाउन अथवा निषेध आदेश रहँदा वा हटेपनि कोरोना संक्रमणको जोखिम कायम छ, सतर्क रहौं, सुरक्षित बनौं**

कोरोना भाइरस सजिलै सर्ने मुख्य तीन अवस्थाहरु


**कोभिड-१९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं**



**भिडभाड हुने स्थान**
जहाँ धेरै मान्छेहरु जम्मा भएका हुन्छन

**भौतिक दूरी कम हुने स्थान**
जहाँ नजिक बसेर वार्तालाप गर्नुपर्ने हुन्छ

**भेन्टिलेशन नभएको**
वा दोहोरो हावा नचल्ने स्थान




**यी तीनवटै अवस्थाको मिलाप हुने स्थानमा कोरोना संक्रमणको जोखिम अत्यन्त उच्च हुन्छ**

**भिडभाड, भौतिक दूरी** कम हुने र **भेन्टिलेशन** पर्याप्त नभएका स्थानहरुबाट टाढा रहौं, कोरोनाबाट बचौं

तपाईंले अपनाउनु पर्ने सावधानीहरु



भिडभाड हुने स्थानमा नजाऔं तथा भौतिक दूरी कायम नहुने साँघुरो स्थानहरुमा सकेसम्म कम समय व्यतित गरौं

सार्वजनिक स्थानमा सदैव कम्तीमा दुई मिटर भौतिक दूरी कायम गरौं

पर्याप्त दोहोरो हावा प्रवाहका निमित्त झ्याल तथा ढोकाहरु खुला राखौं

हात संधै साबुन पानीले धोऔं तथा खोक्दा एवं हाच्छिउं गर्दा नाक तथा मुख छोप्ने बानी बसालौं

भौतिक दूरी आवश्यक हुने स्थानमा अनिवार्य रुपमा मास्कको प्रयोग गरौं

**साधारण लक्षण मात्र भएमा घरमै बसौं, आवश्यक परेमा अस्पताल जाऔं**

साभार : विश्व स्वास्थ्य संगठन

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**व्यक्तिगत घटना दर्ता सम्बन्धी जरूरी सूचना !**

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

**थाहा नगरपालिका**
नगर कार्यापालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर

# • सम्पादकीय •

## स्थानीय तहलाई भूमि व्यवस्थापन चुनौति बन्दै

हाम्रो देशमा पटक–पटक भूमि व्यवस्थापन सम्बन्धी समस्या लामो समयदेखि उठिरहने र कहिल्यै समाधान नभएको समस्या हो। सरकारले भूमिहीनका समस्या समाधान गर्ने भन्दै विभिन्न नाममा आयोगहरु बनाउँदै आएको छ। कहिले सुकुम्वासी आयोग त कहिले कुनै आयोगमार्फत काम शुरु गर्ने तर समस्या समाधान नगर्ने विगतको परम्परा हो। अहिले पनि सरकारले भूमिसम्बन्धी समस्या समाधान आयोग गठन गरेर काम अघि बढाएको छ। सरकारले भूमिसम्बन्धी ऐनको आठौं संशोधन गरिसकेको छ भने गठनादेश पनि जारी गरेको छ। सरकारले अब ७७ वटै जिल्लामा आयोग गठनको तयारी थालेको छ। भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीहरूको वास्तविक लगत तयार गरी अभिलेखीकरण गर्ने, आवासविहीन नागरिकका परिवारलाई भूमि उपलब्ध गराई योजनाबद्ध, एकीकृत र सुरक्षित वस्ती निर्माणमा मद्दत गर्ने, कृषि कर्ममा संलग्न भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीलाई कृषिका लागि जमिन उपलब्ध गराउने वा स्वामित्व कायम गर्ने आयोगको उद्देश्य निर्धारण गरिएको छ। त्यस्तै भू–उपयोग योजना कार्यान्वयनमा सहजीकरण गरी व्यवस्थित वस्ती निर्माण र उत्पादन तथा उत्पादकत्व बृद्धिमा योगदान गर्ने, जोखिम क्षेत्रलगायत कानुनले बस्न वा खेती गर्न नहुने भनी तोकेको स्थानमा बसोबास गरेका वास्तविक भूमिहीन परिवारलाई योजनाबद्धढंगले स्थानान्तरण गर्ने र अन्यायपूर्ण भूस्वामित्वको कारणबाट सिर्जित शोषणमूलक श्रम सम्बन्ध र विभेद अन्त्य गर्ने भनिएको छ। यो उद्देश्यले भूमिहीनमा आशा जगाएको भए पनि आयोगले कति निष्पक्षरुपमा काम गर्छ, यसमा नै नतिजा निर्भर हुनेछ।

नेपालको भूमिसम्बन्धी नीति निर्माणको थालनी मुलुकी ऐन लागु भएदेखि नै भएको मानिन्छ। भूमि ब्यवस्थापनसम्बन्धी कानुनको इतिहास हेर्दा बिर्ता उन्मूलन ऐन २०१६ देखि अहिलेको भूमि सम्बन्धी ऐन २०२१ को आठौं संशोधनसम्म आउँदा धेरै परिवर्तन गरिएको छ। कानुनीरुपमा जति धेरै परिवर्तन गरिएको छ, नेपालमा भूमि ब्यवस्थापनको समस्या त्यसरी समाधान हुन सकिरहेको छैन, यो समस्या आज पनि विद्यमान छ। अहिलेसम्म दर्जन बढी कानुन र दर्जन बढी आयोग बने पनि वास्तविक सुकुम्बासीले जग्गा पाउन सकिरहेका छैनन् बरु जो वास्तविक सुकुम्वासी होइनन्, उनीहरुले पाउने गरेका छन्। त्यसैले गर्दा नेपालमा सुकुम्वासीभन्दा 'हुकुमवासी'ले जग्गा पाउने गरेको गुनासो सर्वत्र सुनिने गर्दछ।

अहिले नेपालमा ठूलो आवश्यकता भनेको भूउपयोग नीतिको सही कार्यान्वयन नै हो । निजी जग्गामा जहाँ जे गरे पनि हुन्छ भन्ने गलत मान्यताका कारण खेतीयोग्य जमिनमा आवास क्षेत्र विस्तारको काम निकै बढेको छ। स्थानीय तहहरुले विकासका ठूला ठूला योजना तर्जुमा र कार्यान्वयन गर्दा पनि भूमी व्यवस्थापन सम्बन्धी योजना फितलो छ । थाहा नगरपालिकाले पनि जनप्रतिनीधि आएदेखि नै बस्ती विकासको योजना ल्याएको भएपनि कार्यान्वयनमा असफल छ । अनियन्त्रित प्लटिङका कारण खेतीयोग्य जमिन मासिँदै गएको छ भने अन्धाधुन्ध वस्ती विकास गर्दा मानव वस्तीहरु पनि असुरक्षित भइरहेका छन्। नदी खोला छेउमा समेत प्लटिङ गर्ने क्रम बढेकाले वस्तीहरु असुरक्षित हुँदै गएका छन् । त्यसैले स्थानीय तहहरुले खेतीयोग्य जमिन मासिन नदिन र सुरक्षित वस्ती विकासका लागि ध्यान दिन अब ढिला गरे भूमि व्यवस्थापनमा अझै डरलाग्दो अवस्था आउनसक्छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# स्थानीय तहमा बैंकिङ व्यवस्थापन



विश्वनाथ खरेल

हाम्रो देशमा संघीय संविधान बनेर संघीय राज्यव्यवस्था लागू भएसँगै बैंक पनि संघीय स्वरूपमा काम गर्ने अभ्यासमा झुटेका छन् । यसरी राष्ट्र बैंकले पनि ७ सय ५३ ओटै स्थानीय तहमा वाणिज्य बैंकहरूका शाखा पुऱ्याउन बैंकहरूलाई निर्देशन गरिसकेपछि हाल आएर धेरैजसो बैंकले स्थानीय तहमा आफ्ना शाखा विस्तार गर्न लागेका छन् । मुलुकमा संघीयता लागू भएसँगै र तीनै तहको निर्वाचन भएर स्थानीय सरकारहरूले काम गर्न थालेसँगै गाउँगाउँमा आर्थिक गतिविधि बढ्न थालेको छ । यस कारणले गर्दा स्थानीय सरकारहरूको आर्थिक गतिविधि बढेसँगै बैंकलाई पनि गाउँ जान सजिलो भएको छ । यसको फलस्वरूप वित्तीय साक्षरता पनि बढ्न थालेको छ । आउँदा दिनहरूमा सिंहदरबारमा मात्र केन्द्रित रहेको आर्थिक क्रीयाकलापहरू अब गाउँघरमा विस्तार हुन लागेको छ । अबका दिनमा आर्थिक समृद्धिको विकासको पाइला चाल्नका लागि बैंकहरूलाई कारोबार विस्तारको सुवर्ण अवसर प्राप्त भएको छ ।

यसर्थ विभिन्न वित्तीय संस्थाहरूबाट आर्थिक कारोबार गर्ने बानी क्रमशः विकास हुँदै गएको छ । देशमा बढ्दो जागरण अभियानबाट द्रुत गतिमा फैलिँदो डिजिटल सुविधाले बैंक र ग्राहक दुवैलाई सहज बनाएको छ । यसको फाइदा ग्रामीण क्षेत्रमा बसोबास गर्ने सम्पूर्ण जनताले सजिलैसँग उपभोग गर्न सहज भएको छ । यसरी पहल गरेर फाइदाको अवसर जुटाउने कार्यको माध्यम नै बैंक हो । देशमा सञ्चालनमा रहेका २७ वटा वाणिज्य बैंकहरूले ७ सय ४७ स्थानीय तहमा शाखा विस्तार गरेका छन् । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय अवस्थासम्बन्धी चालू आर्थिक वर्षको दुई महिनाको विस्तृत प्रतिवेदनअनुसार सातवटा प्रदेशका ७ सय ५३ स्थानीय तहमध्ये अब वाणिज्य बैंकहरूको शाखा पुग्न बाँकी रहेको स्थानीय तहको संख्या ६ मात्र रहेको छ । राष्ट्र बैंकका अनुसार बैंक तथा वित्तीय संस्थाहरूको कुल संख्या भने यस अवधिमा १ सय ४९ कायम भएको छ । सोअनुरूप २७ वटा वाणिज्य बैंक, क्षेत्रीय र राष्ट्रिय स्तरका समेत गरी १९ वटा विकास बैंक, २१ वटा फाइनान्स कम्पनी, ८१ वटा लघुवित्त वित्तीय संस्था र एउटा पूर्वाधार विकास बैंक सञ्चालनमा रहेका छन् ।

राष्ट्र बैंकले वित्तीय स्थायित्व सुदृढीकरण गर्ने उद्देश्यले बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्तिसम्बन्धी प्रक्रिया सुरू गराएपश्चात् २०७७ भदौ मसान्तसम्ममा कुल २ सय ७ वटा बैंक तथा वित्तीय संस्था मर्जर/प्राप्ति प्रक्रियामा सामेल भइसकेका छन् । यसमध्ये १ सय ५७ वटा संस्थाको इजाजत खारेज हुन गई कुल ५० वटा संस्था मात्र कायम रहेको राष्ट्र बैंकले जानकारी दिएको छ । यस अवधिमा बैंक तथा फाइनान्स कम्पनीहरूको कुल शाखा संख्या भने ९ हजार ८ सय ५१ पुगेको छ, जसमध्ये वाणिज्य बैंकहरूको कुल शाखा संख्या ४ हजार ५ सय ५ वटा, विकास बैंकका १ हजार २१ वटा, फाइनान्स कम्पनीहरूको २ सय ४६ वटा र लघुवित्त वित्तीय संस्थाहरूको ४ हजार ७९ वटा शाखा सञ्चालनमा रहेका छन् । राष्ट्र बैंकका अनुसार यसअघि अर्थात् २०७६ असार मसान्तसम्ममा बैंक तथा फाइनान्स कम्पनीहरूको कुल शाखा संख्या ८ हजार ६ सय ८६ रहेको थियो । नेपालमा बदलिएको संघीय राज्य संरचना बैंकका लागि अवसरझैँ भएको छ । विगतमा द्वन्द्वको अवस्था थियो । स्थानीय तहको निर्वाचन हुन नसकी राजनीतिक रिक्तताको अवस्था थियो । हाल आएर संघीयमा विश्वका २८ देशहरूले अपनाएको अवस्था छ । हाम्रो देशमा पनि यस व्यवस्थालाई सफलतापूर्वक कार्यान्वयन गर्न सकेको खण्डमा गाउँगाउँको आर्थिक समृद्धि बढ्ने, वित्तीय साक्षरता बढ्ने र यससँगै बैंकिङ क्रियाकलाप बढ्ने देखिन्छ । त्यसकारण बैंकहरूले संघीय राज्यव्यवस्थाको सहयोगमा वित्तीय पहुँच पुऱ्याउन सक्ने एउटा आधार अहिले बनेको छ ।

यसर्थ बैंकले आफ्नो दायरा फराकिलो बनाउँदै लगेका छन् । यसबाट बैंकले दिने सेवासुविधा विस्तारित हुँदै गएका छन् । मूलतः सुविधा बढाएर मानिसहरूलाई बैंकसम्म ल्याउने काम गरेका छन् । आफ्नो जग सम्पूर्ण रूपमा बलियो बनाउँदै गएका बैंकहरूको साँच्चै नै नवीनतम दिनहरू सुरु भएका छन् । राष्ट्रको बैंकिङ क्षेत्र साँच्चै नै २१ औं शताब्दीमा नयाँ कालखण्ड वा मोडमा उभिएको छ । यसरी खुल्ने ग्रामीणस्तरका बैंकहरूले आफ्नो दायित्व इमानदारीपूर्वक गर्नुपर्ने हुन्छ । यद्यपि, बैंकहरूले सामाजिक उत्तरदायित्वसमेत अझै धेरै वहन गर्नुपर्ने बेला आएको छ । विगतको जस्तै अत्यन्तै पारदर्शी हुँदै गएमा बैंकिङ क्षेत्रहरूको भविष्य निश्चित उपलब्धि हासिल गर्न सहयोग पुग्ने कुरामा कसैको पनि विमति नहोला ।

माथिको तालिकाअनुसार प्रदेश नं. १ का कुल १ सय ३७ स्थानीय तहमध्ये हालसम्म १ सय ३६ बैंकका शाखा खुलेका छन् । यस क्षेत्रमा अब १ मात्र बैंक खुल्न बाँकी रहेको छ । त्यसैगरी प्रदेश नं. २ का १ सय ३६ स्थानीय तहमध्ये १ सय ३६ वटामा नै शाखाहरू खुलेका छन् । त्यस्तैगरी वाग्मती प्रदेशमा १ सय १९ स्थानीय तहमध्ये १ सय १७ वटा शाखा खुलेका छन् । सो प्रदेशमा अब २ वटा स्थानीय तहमा मात्र बैंकहरूको शाखा खोल्न बाँकी रहेको छ । त्यसरी नै गण्डकी प्रदेशमा भने कुल ८५ स्थानीय तहमध्ये हालसम्म ८५ वटामा नै बैंकको शाखाहरू खुलेका छन् । त्यसैगरी लुम्बिनी प्रदेशमा १ सय ९ स्थानीय तहमा भने सबैमा बैंकका शाखाहरू खुलेका छन् । त्यसरी नै कर्णाली प्रदेशमा भने ७९ स्थानीय तहमध्ये ७८ वटामा बैंकका शाखाहरू पुगेका छन् भने खुल्न बाँकी १ वटा स्थानीय तहमा निकट भविष्यमा खुल्नेछ । सुदूरपश्चिम प्रदेशमा भने ८८ स्थानीय तहमध्ये ८६ वटामा बैंकका शाखाहरू खुलेका छन् भने २ वटा स्थानीय तहमा निकट भविष्यमा बैंकका शाखा खुल्ने आशा गर्न सकिन्छ । यसरी सातै प्रदेशमा अर्थात् देशभरमा जम्माजम्मी ७ सय ४७ वटा शाखाहरू खुलेका छन् भने बाँकी रहेका ६ वटा बैंकका शाखाहरू भने निकट भविष्यमा खुल्ने सम्बन्धित निकायहरूले जानकारी दिएका छन् ।

समग्रमा भन्नुपर्दा सरकारले वित्तीय पहुँच पुऱ्याउने लक्ष्यका साथसाथै सबै स्थानीय तहमा वाणिज्य बैंकका शाखा पुऱ्याउने लक्ष्य राखेको भए पनि अझै शाखा पुग्न नसकेका हुन् । सरकारले स्थानीय तहमा नै बैंकका शाखा पुऱ्याई वित्तीय पहुँच पुऱ्याउने र हरेक नेपालीको एक बैंक खाता खोल्न अभियान नै सञ्चालन गरिरहेको छ । सफलताको बाटोमा भए पनि नेपालको बैंकिङ क्षेत्र थुप्रै चुनौतीका माझमा छ ।

बैंकिङ व्यवस्थापकले खासगरी विश्वव्यापीकरण, तीव्र परिवर्तनशील प्रविधि, गुणस्तर व्यवस्थापन, सामाजिक उत्तरदायित्व, सशक्तीकरण र मानव संसाधन व्यवस्थापनका चुनौतीहरू हुन् । यस्ता चुनौती पनि सामना गर्न सक्ने व्यवस्थापक नेपालको बैंकिङ क्षेत्रमा छन् । प्रविधि प्रयोगमा बैंक निकै अगाडि छन् । नेपालको बैंकिङ क्षेत्र अग्रगतिमा छ । पछिल्लो समय नेपालको राज्य संरचना फेरिएसँगै बैंक गाउँगाउँ पुग्दैछन् । बदलिएको संघीय राज्य संरचना बैंकका लागि अवसरझैँ भएको छ । विगतमा द्वन्द्वको अवस्था थियो । स्थानीय तहको निर्वाचन हुन नसकी राजनीतिक रिक्तताको अवस्था थियो । अहिले गाउँगाउँमा सरकार पुगेको छ । सातओटै प्रदेशले सक्रिय रूपमा काम थालेका छन् । देशैभर सुरक्षा व्यवस्था सुदृढ हुँदैछ । स्थानीय सरकारको सक्रियतासँगै आर्थिक गतिविधि बढ्दैछ । गाउँबाट सहर पसेका मानिस अवसरको स्थानान्तरणसँगै गाउँ नै फर्किन थालेका छन् । उनीहरू बैंकसँग मिलेर व्यवसाय गर्न थालेका छन् जसले गर्दा बैंकलाई काम गर्न, बजार बनाउने अवसर नै भएको छ । दूरदर्शी बैंकरले ती सम्भावना बुझेर नै गाउँगाउँसम्म शाखा विस्तारलाई प्रतिस्पर्धात्मक रूपमा अघि बढाएका छन् । बैंकमाथि मानिसहरूको विश्वास बढेको छ । अब साना स्तरका व्यापारीहरूले पनि स–सानो ठानिएको कारोबार पनि बैंकबाट हुन थालेको छ । अबका दिनमा बैंक मानवका लागि अपरिहार्य नै भइसकेको कुरामा कसैको पनि दुईमत नहोला ।

गाउँबाट सहर पसेका मानिस अवसरको स्थानान्तरणसँगै गाउँ नै फर्किन थालेका छन् । उनीहरु बैंकसँग मिलेर व्यवसाय गर्न थालेका छन्स जसले गर्दा बैंकलाई काम गर्न, बजार बनाउने अवसर नै भएको छ । दूरदर्शी बैंकरले ती सम्भावना बुझेर नै गाउँगाउँसम्म शाखा विस्तारलाई प्रतिस्पर्धात्मक रुपमा अघि बढाएका छन् । बैंकमाथि मानिसहरुको विश्वास बढेको छ । अब साना स्तरका व्यापारीहरुले पनि स–सानो ठानिएको कारोबार पनि बैंकबाट हुन थालेको छ । अबका दिनमा बैंक मानवका लागि अपरिहार्य नै भइसकेको कुरामा कसैको पनि दुईमत नहोला ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
विकास
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
२०७७ कात्तिक १७ गते सोमबार, 02 Nov. 2020, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


# सिस्नोः कसरी सेवन गर्दा राम्रो ? जानीराखौं !

सिस्नोको नियमित प्रयोगले स्वास्थ्यमा पर्ने सकारात्मक परिवर्तन त हुन्छ नै यसवाट धेरै पोषक तत्व पनि पाउन सकिन्छ । सिस्नोवाट क्याल्सियम, प्रोटिन, भिटामिन सि, कार्वोहाईडेट, फाइवर, फस्फोरस र फलाम पाईन्छ भने मुटु रोग, मधुमेह, गर्भवती तथा सुत्केरी महिलालाई फाईदा गर्दछ । भने उच्च रक्तचापलाई कम गर्छ । प्रोस्टेड ग्लाण्डर वाथको समस्यालाई फाइदा पुऱ्याउछ ।

छाला र कपालको स्वास्थ्यलाई सुधार गर्छ अनुहारलाई चम्किलो वनाउछ साथै कपाल झर्ने समस्याको रोकथाम गर्दछ । सिस्नो खानको लागि प्रयोग गर्दा सम्पुर्ण सकिने नास हुने स्रोत होईन यसको जति वढि प्रयोग गर्न सकियो यसको उत्पादन क्षमताको पनि वढ्दै जान्छ किनकी जति सिस्नो काटिन्छ सिस्नोको मुना पनि पलाउदै जान्छ त्यसकारण अर्को फाईदा यसलाई आयआर्जनको माध्याम पनि बनाउन सन्किन्छ ।

बारी, खेतका डिल र जंगलमा बेवारिसे अवस्थामा रहेको सिस्नुलाई पछिल्लो समय व्यावसायिक खेतीका रूपमा अँगाल्न थालीएको छ उसो भए आउनुहोस यसका केहि फाइदाहरूका बारेमा जानकारी लिऔं ।



**कसरी खाने ?**


- सामान्यतया सिस्तोलाई पखाली उम्लेको तातो पानीमा राखी घोटेर पकाउने प्रचलन छ । विशेष गरि यसमा नुन, खुर्सानी, टिमुरको धुलो, लसुन, मकैको च्याख्ला राखेमा पकाइन्छ ।
- तर, विदेशमा बटरमा प्याज, लसुन, लिक, गाजर, फुराएर भेज स्टक र आलु राखेर सिस्नु पकाइन्छ । यसलाई बल्याण्ड गरेर छानिन्छ । अन्त्यमा नुन मरिच र क्रीम हालेर नेटल सुपको रूपमा प्रयोग गर्ने प्रचलन छ ।
- सिस्नुको चिया पनि त्यतिकै प्रचलित छ । यसलाई निकै स्वास्थ्यवर्द्धक पनि मानिन्छ । यसलाई ग्रीन–टि कै तरिकाले सेवन गरिन्छ । र, यसलाई जुसको रूपमा पनि पिउन सकिन्छ ।
- सहजताका लागि अहिले सुपर मार्केटमा सिस्नोको पाउडर पनि उपलब्ध छ । यसलाई सुप या तरकारीको रूपमा प्रयोग गर्न सकिन्छ ।
- सिस्नोको फुलको सुप बनाएर पनि प्रयोग गर्न सकिन्छ । यसलाई भात या मकैको च्याख्लासँग सेवन गर्दा निकै स्वादिष्ट हुन्छ ।

**औषधीय गुण :**

- सिस्नोले मुटु सम्बन्धी समस्यालाई निको पार्नका लागि सहयोग गर्छ ।
- यो मधुमेह रोगीका लागि पनि निकै उपयोगी हुन्छ ।
- सीस्नो गर्भबती तथा सुत्केरी महिलालाई समेत खुवाइन्छ । उनीहरूका लागि सिस्नो अति फाईदाजनक मानिन्छ ।
- तपाईमा उच्च रक्तचापको समस्या छ भने पनि सिस्नोको सेवन गर्दा हुन्छ । यसले उच्च रक्तचापलाई नियन्त्रण गर्नमा सघाउ पुऱ्याउँछ ।
- प्रोस्टेड ग्लाण्ड र बाथको समस्या भएका मानिसलाई पनि सिस्नोले राहत प्रदान गर्छ ।
- सिस्नो छाला र कपालका लागि निकै उपयोगी मानिन्छ । यसले अनुहार चम्किलो बनाउनुका साथै दाग हटाउनको लागि पनि मदत पुऱ्याउँछ ।
- यसले कपाल सिल्की बनाउन सहयोग गर्छ भने कपाल झर्नबाट रोक्ने काम गर्छ ।
- सिस्नोले शरिरमा रगतका नयाँ सेल बनाउनमा महत्वपूर्ण भूमिका खेल्छ । यसले डिएनए क्षयीकरण हुनबाटसमेत रोक्ने काम गर्छ ।
- पिसावको संक्रमण हुनेहरूले पनि नियमित सिस्नो सेवन गर्दा फाईदाजनक हुन्छ ।
- शरीरमा भएका विभिन्न एलर्जीको समस्या समाधानमा पनि सिस्नोले मदत पुऱ्याउने गर्छ ।
- शरिर दुख्ने समस्याको उपचार गर्नु छ भने पनि आजैबाट नियमित सिस्नोको प्रयोग गर्दा हुन्छ ।

**बहुउपयोगी सिस्नो :**

- सिस्नो जती काट्यो त्यति पलाउने भएकाले खेती गरे पनि लाभ उठाउन सकिन्छ । यसलाई तारे होटेलदेखि विदेशमासमेत विक्री गर्न सकिन्छ ।
- औषधीको प्रयोजनका लागि सिस्नोको अत्याधिक माग हुने भएकाले यसलाई विदेश निर्यात गरेर आर्थिक लाभ लिन सकिन्छ ।
- यो मानिसको लागि मात्र नभई जनावरका लागि पनि स्वस्थकर मानिने अनुसन्धानले देखाएको छ । गाई भैसीलाई सिस्नो खुवाउदा निरोगी हुनुको साथै दुध पनि बढी दिने गर्छ ।
- सिस्नोको फुल र जरा कुखुरालाई खुवाएर आण्डा उत्पादनलाई बढाउन सकिन्छ ।
- यसको जरा औषधीको रूपमा प्रयोग गरिन्छ ।
- सिस्नोबाट क्याल्सीयम, प्रोटिन, भिटामिन सी, फ्याट, कार्वोहाइड्रेट, फाइवर, फस्फोरस र फलामजस्ता तत्व पाइन्छ ।



# कोभिडको समयमा कार्यालयमा काम गर्दा कस्ता सावधानी अपनाउने ?

कोभिड–१९ को महामारीमा प्रायःले घरबाटै काम गरिरहेका छन् । सबैजसो कार्यालयहरू खुला नभएता पनि अत्यावश्यक सेवाका कार्यालयहरू खुलिरहेका छन् । ठूल्ठूला कार्यालय जहाँ धेरै कर्मचारीहरू कार्यरत छन् त्यहाँ संक्रमणको जोखिम धेरै हुन सक्छ ।

*कार्यालय र कार्यालयको कर्मचारीले संक्रमणको जोखिम कम गर्न कस्ता खालका सावधानी अपनाउने त ?*

- कार्यालयमा पहिला जुन तरिकाको संरचना र व्यवस्थापन थियो अब यसमा फेरबदल गर्नुपर्छ । जस्तै नजिकनजिक टेबल–कुर्सी भएकालाई दूरी मिलाएर सेटअप गर्नुपर्छ ।
- सेन्सरयुक्त ढोका, ह्यान्डिल लगायतका कुरामा ठूला कार्यालयलहरूले संरचना परिवर्तन गर्नुपर्छ । कार्यालय छिर्नुअघि कर्मचारी र सेवाग्राहीले साबुन पानीले हात धोएर प्रवेश गर्ने वा अल्कोहलयुक्त स्यानिटाइर प्रयोग गर्नुपर्छ ।
- कार्यालयमा स्यानिटाइजर, साबुन, टिस्यु पेपर लगायत हाइजिनका सामानहरू पर्याप्त मात्रामा कर्मचारी र ग्राहकका लागि उपलब्ध हुनुपर्छ ।
- कर्मचारीहरू मास्क लगाएर र दूरी (कम्तीमा २ मिटर) कायम गरेर बस्नुपर्छ । पटकपटक साबुन पानीले मिचिमिचि हात धुनुपर्छ ।
- दैनिक प्रयोगमा आउने र धेरै जनाले प्रयोग गर्ने ढोकाको ह्यान्डिल, डेस्क, बत्तीको स्वीच, शौचालय, किबोर्ड, टेलिफोन, प्रिन्टर, फिल्टर लगायतलाई सफा र निसंक्रमण गरिराख्ने गर्नुपर्छ ।
- कर्मचारीहरू भेट हुने बित्तिकै हात मिलाउने, अँगालो हाल्ने कार्य नगर्ने ।
- लक्षण नदेखिएता पनि कोभिडको संक्रमण हुने भएकाले कुराकानी गर्दा पनि ६ फिटको दूरी कायम गरेर मात्र ग्राहक, सहकर्मीसँग कुराकानी गर्ने गर्नुपर्छ ।
- ब्रेक भएको बेला साथीभाइसँग खाजा खाँदा पनि बाहिर खाने र दूरी कायम गरेर खानुपर्छ । खाइसकेपछि मास्क लगाएर मात्र गफ गर्ने गर्नुपर्छ ।
- सेवाग्राही आउने कार्यालय हो भने भीडभाड हुन नदिन त्यही अनुसार कार्यालयले व्यवस्था गर्नुपर्छ । जस्तै दूरी कायम गरिएको लाइन व्यवस्था गर्ने । सेवाग्राही बस्नका लागि दूरी बनाएर सोफा वा कुर्सी राख्ने विषयमा ध्यान दिनुपर्छ ।
- भाइरस भीडभाडमा र भेन्टिलेसन नभएका रूममा छिटो सर्ने सम्भावना हुने भएकाले खुला हावा आवतजावत हुने कार्यालयको सेटअप तयार गरि नुपर्छ ।
- लिफ्टमा धेरै जना नचढ्ने । लिफ्टको बटन हातले थिच्नुहुन्न । टुथ पिक र टिस्यु पेपरले थिच्ने । सकेसम्म भऱ्याङ चढेर माथि जाने ।

# गर्भवतीले के गर्ने ?

कोरोना भाइरस हामी सबैको लागि नयाँ हो । त्यसैले गर्भावस्थामा यसको प्रभाव कस्तो हुन्छ, यकिनका साथ भन्न सकिन्न । रिसर्च भइरहेका छन् । तर विगतका महामारीपश्चात् गरिएका अध्ययनमा चाहिँ समय अगाडि बच्चा जन्मिएको पाइएको छ । सोही कारण त्यस्तो हुन नदिन गर्भवती र उनको परिवार अहिले सचेत हुन जरूरी छ । भाइरसबाट बच्न हातले नाक, आँखा, मुख नछुने र साबुनपानीले हातधुनेजस्ता सुरक्षित विधि अपनाउनु परिहाल्यो ।

गर्भावस्थाका तीन चरण हुन्छन् । प्रत्येक चरण तीन–तीन महिनाको हुन्छ । भाइरसको इन्फेक्सनले गर्भ खेर जाने वा समय नपुगी जन्मने डर त हुन्छ नै तर यसकै आधारमा अहिले घर नजिकै एक्सरे गर्ने ठाउँ छ, संक्रमणको प्रभाव त्यति देखिएको छैन भने जाँदा राम्रो हुन्छ । पहिलेको गर्भमा केही समस्या देखिएको थियो भने त्यसलाई दोहोरिन नदिन सोहीअनुरूपको परामर्श र पूर्वतयारी गर्नुपर्छ । सबैले एउटै तरिका अपनाउने भन्दा गर्भवती महिलाले आफूलाई कस्तो भइरहेको छ, सोहीअनुसार चिकित्सकसँग परामर्श लिने कुरा हो । अहिले अत्यावश्यक नभएसम्म अस्पताल जानु बेस हुन्न । बरू नजिकैको स्वास्थ्यचौकी जाने वा चिकित्सकसँग फोनमा सल्लाह लिनुपर्छ । तर रगत देखापऱ्यो, सेतो पानी बग्यो, बेस्सरी पेट दुख्यो भने अस्पताल जानैपर्छ । यस्तो बेला गुगल गरेर जान्न खोज्दा द्विविधा बढाइन्छ । पहिलो ६ महिनामा शरीरलाई आराम पुगेन भने गर्भपतन हुने भय हुन्छ । तेस्रो चरणमा पुगेपछि नवगर्भवतीहरूलाई बच्चा नराख्नु वा फाल्नु भन्न सकिन्न । भोलि आइपर्न सक्ने कठिनाइबारे परामर्शचाहिँ दिनुपर्छ । पहिलो १२ हप्तामा फलिक एसिड चक्की खाइरहनुपर्छ । गर्भ रहनासाथ स्वास्थ्य परीक्षणका लागि अस्पताल गइहाल्नु पर्दैन । तर रगत जाने, पेट दुख्ने वा अन्य समस्या देखियो भने अस्पताल गएर भिडियो एक्सरे गर्दा ढुक्क हुन्छ । बच्चा पाठेघरभित्र बसेको छ/छैन, बच्चाको धड्कन कस्तो छ, थाहा पाइन्छरू। सामान्यतया यो आठदेखि १२ हप्ताभित्र गरिन्छरू। समस्या देखिएन भने भिडियो एक्सरे गर्नैपर्छ भन्ने छैन ।

घरमै बसेर पौष्टिक आहार खानुपर्छ । खुसी हुनुपर्छ । चिन्ता लिनु हुन्न । भिटामिन सीले शरीरको प्रतिरक्षा प्रणाली बलियो बनाउँछ । त्यसैले किवी, एभोकाडो, कागती, अमला खानुपर्छ । गर्भावस्थाको पहिलो तीन महिना संवेदनशील र महत्त्वपूर्ण हुन्छ । यो अवधिमा पेटभित्रको बच्चा राम्रो छ भने बाँकी अवधिमा पनि राम्रै हुन्छ भनेर आशा गर्न सकिन्छ, शतप्रतिशत यस्तै हुन्छ भन्ने चाहिँ होइन । दोस्रो चरणमा भने एक पटक भिडियो एक्सरे गर्नुपर्छ, १८ देखि २० हप्तासम्मरू। यो बेला बच्चा अंगभंग भए/नभएको थाहा पाइन्छ । त्यसैले भने हल्काफुल्का काम र हिँडडुल गर्दा हुन्छ । भारी सामान कहिल्यै बोक्नु हुन्न ।

आराम छ, पौष्टिक आहार पनि खाएको छ तर मनमा चिन्ता, डर छ भने तनावले हर्मोन सन्तुलन बिथोलिन सक्छ, जसले समय नपुगी बच्चा जन्मने डर हुन्छ । बच्चाको अंग पूर्ण विकास भएको हुन्न । बनिसकेको हुन्छ तर अपूरो । आवश्यक काम गर्न नसक्ने हुन्छ । जस्तो : फोक्सो बनिसकेको हुन्छ तर ३५ हप्ताभन्दा पहिले बच्चा जन्मियो भने सास फेर्न गाह्रो हुन्छ । त्यसैले गर्भवती महिला चिन्ताबाट मुक्त हुनैपर्छ । मनमा आनन्द हुनुपर्छ । बच्चा पेटभित्र कम खेल्न थाल्यो जस्तो लाग्यो भने चिकित्सकसँग सल्लाह लिनुपर्छ ।

*यो भयो, गर्भ बसिसकेको हकमा अब अहिलेको अवस्थामा गर्भ राख्न कतिको उपयुक्त हुन्छ, त्यसबारे कुरा गरौं:*

अहिले जति चिन्ता लिन्न भने पनि चिन्ता भइहाल्ने अवस्था छ, भोलि के होला भनेर यसै भन्ने अवस्था छैन । लकडाउन कहिले खुल्ने पनि टुंगो छैनरू। त्यसैले मिल्छ भने यस्तो माहोलमा गर्भ नराख्न नै सुझाव दिन्छु मरू। गर्भधारण गर्नै हुन्न भनेको त हैन तर रिस्क ज्यादा हुन्छ ।

# हेटौंडामा एम्बुलेन्स पाउनै हम्मे-हम्मे !

◆ विकास संवाददाता

पेटमा समस्या भएपछि रौतहटको चन्द्रपुर नगरपालिका-१ की ४० वर्षीया मनकुमारी खुसवार उपचारका लागि हेटौंडा आइन् । तीन दिन यहीँ उपचार भयो । थप उपचारका लागि उनलाई काठमाडौं लैजानुपर्ने भयो । तर बिहीबार उनको परिवारलाई एम्बुलेन्स पाउन 'युद्ध लडे बराबर' भयो । हेटौंडामा-१ मा रहेको सन्चो अस्पतालले उनको मुटुमा समस्या रहेको भन्दै बाँसबारी प्रहरीको सहयोगमा बल्लतल्ल एम्बुलेन्स बिरामी लैजान तयार भएको थियो । भरतपुरबाट हेटौंडा बिरामी ल्याएर चितवन फर्किन लागेको एम्बुलेन्स प्रहरीले खोजिदिएको हो । 'चितवनबाट अर्को एम्बुलेन्समा बिरामी ममीलाई लिएर हामी काठमाडौं आइपुगेका छौं,' मनकुमारीका छोरा आकाश खुसवारले भने । हेटौंडाका करिब एक दर्जनभन्दा बढी एम्बुलेन्स चालकलाई फोन गर्दा पनि विभिन्न वहाना बनाएको उनले गुनासो गरे ।

शुक्रबार हेटौंडा-१० टीसीएन रोडका १९ वर्षीय युवाले विष सेवन गरे । उनको उपचार हेटौंडामा नहुने भयो । हेटौंडा अस्पतालमा सामान्य उपचारपश्चात् भेन्टिलेटरसहितको आईसीयू चाहिने भन्दै चिकित्सकले उनलाई भरतपुर लैजान सुझाए । तर उनलाई भरतपुर पुर्‍याउन कुनै पनि एम्बुलेन्स तयार भएनन् । लामो कोसिस गर्दासमेत एम्बुलेन्स नपाएपछि स्थानीय युवाहरूले उनलाई सुमोमा पठाए । अहिले उनको स्वास्थ्य अवस्था सामान्य छ । 'हेटौंडामा पर्याप्त एम्बुलेन्स भए पनि बिरामीले आवश्यक पर्दा पाउँदैनन् । जसले गर्दा कतिपय बिरामी अकालमै ज्यान गुमाउन बाध्य छन्,' लामो समयदेखि एम्बुलेन्सको सहजताको माग राख्दै ध्यानाकर्षण गराइरहेका युवा विकेशलाल श्रेष्ठले भने । उनका अनुसार एम्बुलेन्स चालकहरू नजिकको रूटका बिरामी ल्याउँदा धेरै आम्दानी हुने भएपछि टाढा बिरामी लैजान/ल्याउन मान्दैनन् । रूपमा लिनुपर्ने बताउँछन् ।

प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्लामा एम्बुलेन्स सञ्चालन तथा समन्वय समिति छ । उक्त समितिले विभिन्न समयमा निर्देशन दिए पनि एम्बुलेन्स सेवा जिल्लामा सहज छैन । मकवानपुरका प्रजिअ गोविन्दप्रसाद रिजालले एम्बुलेन्स सेवालाई सहज बनाउन आफूले समन्वयात्मक बैठक राखेर स्वास्थ्य कार्यालयलाई आवश्यक सहजीकरण गर्न निर्देशन दिएको बताए । बैठकमा एम्बुलेन्स सञ्चालकहरूले भाडा दर पुनरावलोकन गर्नुपर्ने माग राखेका थिए । '२०६९ देखि भाडादर पुनरावलोकन नभएको रहेछ । यस विषयमा एम्बुलेन्स चालकहरूसँग दोस्रो चरणमा छलफल गरिनेछ,' प्रजिअ रिजालले भने ।

# मकवानपुरगढीमा विकासले फड्को मार्दै

◆ विकास संवाददाता

मकवानपुरको गढी गाउँपालिकामा जनप्रतिनिधि आएपछि विकास निर्माणका कामले फड्को मारेको छ । पहिले कच्ची सडक, त्यो पनि वर्षायाममा गाडी नचल्ने बाध्यता भोग्दै आएका गाउँपालिकावासी अहिले पक्की सडक र खोलामा पुल बनेपछि सहज रूपमा ओहोर-दोहोर गर्न थालेका छन् ।

ठाउँ-ठाउँमा सडक निर्माणको कामसँगै वर्षायाममा खोला तर्न नसक्ने ठाउँमा पक्की पुल, फलामे पुल र कल्भर्ट निर्माणको कामले तिव्रता पाएको छ । केही बनिसकेका छन् भने केही निर्माणका चरणमा रहेका छन् । मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष विदुर हुमागाईँको सक्रियतामा गाउँपालिकामा पुल निर्माण र सडक निर्माणका कामले प्राथमिकता पाएका हुन् ।

मकवानपुर गढी गाउँपालिका वडा नम्बर ५ को ज्यामीरे खोलामा कुल ३ करोड ८ लाख रूपैयाँ लागतमा पक्की पुल निर्माण गरिएको छ । पुल निर्माणका लागि गढी गाउँपालिकाले सबैभन्दा धेरै एक करोड ७८ लाख रूपैयाँ खर्च गरेको अध्यक्ष हुमागाईँले बताए । त्यसमा संघीय सरकारले एक करोड रूपैयाँ र ३० लाख रूपैयाँ बागमती प्रदेश सरकारले खर्च गरेको छ ।

वर्षायाम लाग्ने बित्तिकै उर्लिएर आउने ज्यामिरे खोलाको त्रास अब हटेको छ । वर्षा लागेपछि मानिसलाई खोला तर्न पनि समस्या हुने र गाडी ओहोर-दोहोर गर्न झनै समस्या हुने गरेको थियो ।अहिले रूपुल निर्माण भएपछि स्थानीय निकै हर्षित भएका छन् ।

त्यस्तै गढी गाउँपालिकाको पहलमा गढी ४ वाइबाडाँडा र गढी ५ कालीवन जोड्ने झोलुङ्गे पुल निर्माण गरिएको छ । यसैगरी मकवानपुर गढी गाउँपालिकाका वडा नम्बर ८ ओखर डाँडा र भीमफेदी गाउँपालिकाको वडा नम्बर २ इचुङ जोड्ने झोलुङ्गे पुल निर्माण गर्न लागिएको छ ।

मकवानपुर गढी ५ सिमल्टार र गढी ४ कुसुमटार जोड्नको लागि फलामे



पुल निर्माण गर्न लागिएको अध्यक्ष हुमागाईँले बताए । कुल ६५ लाख रूपैयाँ लागतमा पुल निर्माण गर्न लागिएको हो । सडक नभएका र अहिले तत्काल समस्या भएका स्थानमा झोलुङ्गे पुल र फलामे पुल निर्माण हुने भएको छ ।

यसैगरी गढीको बागदली-देविडाँडामा स्टील ट्रस ब्रिज निर्माण गर्न लागिएको छ । गाउँपालिका र संघीय सरकारको समपूरक बजेटबाट पुल निर्माण गर्न लागिएको हो । कुल ३ करोड लागतमा निर्माण गर्न लागिएको पुलमा संघीय सरकारको एक करोड १८ लाख र अरू एक करोड ८२ लाख लगानी हुने भएको छ । ठेक्कामार्फत यो पुल निर्माणको काम भइरहेको छ ।

मकवानपुरगढी गाउँपालिका वडा नम्बर-६ डुम्रेकुना-गढी २ र ३ को लामिडाँडा जोड्ने पुल निर्माण पनि सुरू गर्न लागिएको छ । यसैवर्ष यो पुल निर्माणको काम सुरू गर्ने तयारी गरिएको अध्यक्ष हुमागाईँले जानकारी दिए । कुल १४ करोड रूपैयाँ लागतमा पुल निर्माण गर्न लागिएको हो ।

यो पुल निर्माण भएपछि गढीका धेरै परिवारलाई ओहोर-दोहोर गर्न सहज हुने छ । यस्तै गढीको सरमपुर र तल्लोछाप जोड्ने झोलुङ्गेपुल निर्माणको काम यसैवर्ष सुरू हुने भएको छ । गढी गाउँपालिका वडा नम्बर १ र बकैया गाउँपालिका वडा नम्बर ११ जोड्नका लागि दुईवटा गाउँपालिकाको संयुक्त लगानीमा झोलुङ्गे पुल निर्माण गर्न लागिएको छ ।

मकवानपुर गढी गाउँपालिकाले विभिन्न वडामा साना खालका कल्भर्ट निर्माण गरेको छ । कल्भर्ट निर्माणपछि खोला र खोल्सा तर्न समस्या भोग्दै आएकाहरूलाई सहज भएको छ । चालु आर्थिक वर्षमा पनि करिब एक करोड रूपैयाँ लागतमा ५ वटा कल्भर्ट निर्माण गर्ने तयारी रहेको अध्यक्ष विदुर हुमागाईँले बताए । ।

गढी गाउँपालिकाका ८ वटै वडामा रहेका खहरे खोला र सामरी खोलामा पुल नभएका कारण वर्षायाममा ओहोर दोहोर गर्न निकै समस्या हुने गर्थ्यो । यसलाई मध्यनजर गर्दै गाउँपालिका आफैँ, संघ र प्रदेश सरकारको लगानीमा पुल निर्माणको कामलाई



अगाडि बढाइएको हो ।

चालु आर्थिक वर्ष र आउँदा वर्षहरूमा प्राथमिकताका साथ पुल निर्माणको काम गरिने जनप्रतिनिधिले बताएका छन् ।

# हेटौंडाका अतिविपन्न ३ सय परिवारको स्वास्थ्य बीमा गरिदै

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्षमा ३ सय परिवारको स्वास्थ्य विमा गरिदिने भएको छ ।

नगरका अति विपन्न र लोपन्मुख जातीहरूको स्वास्थ्य बिमा गर्न लागिएको उपमहानगरपालिकाका मेयर हरिबहादुर महतले बताए । पहिले अति विपन्न र लोपन्मुख परिवारको निबेदन संकलन गरेर प्राथमिकताका आधारमा वडा कार्यालयको शिफारिसमा विमा गरिने मेयर महतले बताए ।

गरिबीका कारण उपचार गर्नै समस्या भएका परिवारका लागि यो बीमा कार्यक्रमले थप सहयोग पुग्ने छ । उपमहानगरपालिकाले एक परिवारलाई ३ हजार ५ सय रूपैयाँका दरले बीमा गरिदिदा सरकारले तोकिएको अस्पतालमा गएर उपचार गर्दा परिवारका सदस्यले




एक लाख सम्मको उपचार गर्न पाउने छन् ।

बितेको आर्थिक वर्षमा पनि उपमहानगरपालिकाले ४ सय विपन्न परिवारको स्वास्थ्य विमा गरिदिएको र यो वर्ष पनि यस कार्यक्रमलाई निरन्तर्ता दिएको मेयर महतले बताए । यो कार्यक्रमले गर्दा पैसा नभएकै कारण उपचार नपाउने समस्या हट्ने उनले बताए । चालु आर्थिक वर्षमा स्वास्थ्य बीमा गर्नका लागि उपमहानगरपालिकाले १० लाख ५० हजार रूपैयाँ छुट्याएको छ ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# मन्त्री फुयाँलको पालुङमा "विकासे प्रतिवद्धता"

◆ विकास संवाददाता

बागमती प्रदेशका भौतिक पुर्वाधार विकास मन्त्री रामेश्वर फुयाँल संघीय राजधानी काठमाण्डौंबाट प्रदेश राजधानी हेटौंडा जाँदा होस् या प्रदेशबाट संघीय राजधानी फर्कदा चित्लाङ चन्द्रागिरी सडकबाटै ओहोर दोहोर गर्छन् । २३ सय वर्षदेखिको मुल बाटोलाई व्यवस्थित सडकको रूपमा विकास भैरहेका बेला मन्त्री फुयाँल अहिले त्यही बाटो भएर हिड्छन् । उनी, छोटो बाटो भएकै कारणले मात्र उक्त सडकबाट हिँडेका हैनन् । मन्त्री फुयाँल सडकको समयमै निर्माण सक्काउने अभियानमा छन् । क्यालेण्डर बनाएर स्थानीयलाई उत्साह थपेका छन्, सांसदहरूसंग सहकार्य गरेका छन् । र, भन्छन्-'हामी संघ, प्रदेश र स्थानीय सरकार पनि संगै छौं, सडक नबनाउन कसैलाई छुट छैन ।'

मन्त्री फुयाँलले विकासका 'नम्स' बुझेका छन् । विकासे तौर तरिकामा सिपालु भएकाले पनि होला उनी बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री भए । ३ कार्तिकमा उनी मकवानपुर थाहानगरको विकासमा चासो राख्दै नगर क्षेत्र आए । औपचारिक अनौपचारिक कार्यक्रममा थुप्रै पटक थाहानगर आएका भए पनि पालिकाका लागि उनको पहिलो स्वागत थियो । नगर प्रमुख लवशेर विष्ट, उपप्रमुख खड्ग गोपाली, प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीलगायत कार्यपालिका सदस्य र कर्मचारीहरूले उनको स्वागत गरे । उनी ऐतिहाँसिक पालुङ शहरको ऐतिहाँसिक सवाल उठान गर्न थाहानगर आएका थिए । मन्त्री आउने चाल पाएका पालुङ शहरका स्थानीयहरू चोकसम्म लिन आए । पालुङ शहर यस क्षेत्रकै मल्लकालिन इतिहाँस बोकेको नेवार बस्ती हो । पालुङ शहरमा स्थानीयहरूले बाजागाजासहित गरेको स्वागतले मन्त्री फुयाँललाई अल्मल्लिएको अनुभव भयो । र, उनले भने:

*'अशनतिर छु.....*
*इन्द्रचोक तिर छु कि,*
*मख्खनतिर छु ।'*

औपचारिक कार्यक्रममा खुलेरै खुशी व्यक्त गरे । कला र संस्कृति युवापुस्तामा हस्तान्तरण भएको दृश्यले गद्‌गद भए । किनभने, बाजा बजाउने अधिकांश '३० मुनिका' थिए । कार्यक्रममा बागमती प्रदेशले यस वर्ष पालुङसहित मकवानपुर को ५ वटा ढुङ्गेधारा पुर्नस्थापना तथा पुर्ननिर्माण गर्ने योजना रहेको सुनाए । बागमती सरकारले 'हरित बागमती प्रदेश अभियान' सहित वातावरणमैत्री योजना बनाएर कार्यान्वयन गर्दै गरेको उल्लेख गरे । ताल तलैया, राजकुलो र ढुङ्गेधारा संरक्षणका कार्यक्रम प्रदेश सरकारले गर्ने योजना प्रस्तुत गरे ।

थाहा नगरपालिकाबाट आएको प्रस्तावलाई सहर्ष स्वीकारेको बताउँदै पालुङको ढुङ्गेधारा संरक्षणमा प्रतिवद्धता जनाए । मन्त्री फुयाँलले भने-'ढुङ्गे धारा निर्माणको प्रस्ताव नगरबाट आएको छ, फल्चा भएको पाटी र सुक्नै नहुने जोर ढुङ्गेधारको संरक्षणमा तपाईहरू लाग्नूस सहयोग हुन्छ । 'यहाँका नागरिकहरू सक्रिय हुनुस् स्थानीय तह र प्रदेशले सहयोग गर्छ, धेरै त लाख हैन चाहिने मध्येको ठीक्क-ठीक्क लाख' उनले भने-'हिजोको कलात्मकता बढ्नु पर्छ घट्न पाइदैन ।' मन्त्री फुयाँलले सार्वजनिक कार्यक्रममै प्रस्ताव राखे-'ज्यु कि मज्यू ?' स्थानीयहरूले हर्षले ताली ठोक्दै मन्त्रीको प्रस्ताव स्वीकार्दै भने- 'ज्यू.. ..ज्यू ।' आफू २०५४ सालको तत्कालिन जिविस




उपसभापति हुँदा नै भाषा जोगाउन र ञ्जना लिपीको तालिम दिलाउने अभियानमा लागेकाले ऐतिहाँसिकता जोगाउन आफू प्रतिवद्ध रहेको बताए । 'कुराले चिउरा भिज्दैन', नेता मदन भण्डारीको 'डाइलग' सपट लिँदै भने-'जनताको पाटोबाट स्थानीयहरूको समेत लगानी गर्नै पर्छ, घरैपिच्छे १/१ रूपियाँ भएपनि संकलन गर्नूहोस ।' आफू पनि यस अभियानमा सहभागी भएको घोषणा गर्दै नागरिकले संकलन गर्ने पैसामा १ हजार थपिदिए । स्थानीयको सहयोग मिसाउनू पर्ने बताउँदै नपुग पैसा प्रदेश सरकारले केही लाख प्रदान गर्ने बाचा गरे । जोर धारा र फल्चालाई आकर्षक बनाउन र पालुङको मौलिक संस्कृति झल्कने गरी निर्माण गर्न उनले स्थानीयलाई आग्रह गरे । छोरा छोरी बराबरी, गाउँ शहर बराबरीको प्रसंग कोट्याउँदै भने-'यो विकास घर भएको ठाउँमा मैले विकासको धेरै कुरा गर्नु पर्दैन, यहाँका नागरिक सचेत छन् ।'

भौतिक पुर्वाधार विकास मन्त्री रामेश्वर फुयाँलले पाःल्व, भगवती मन्दिर परिसर तथा पाण्डुकेश्वर मन्दिर क्षेत्रको समेत बेलुकी अबेरसम्म अवलोकन निरीक्षण गरेका थिए । कार्यक्रममा नगर प्रमुख लवशेर विष्टले नगर क्षेत्रमा रहेका ऐतिहाँसिक, पुरातात्विक सम्पदाको संरक्षणमा कार्य गरिरहेको बताउँदै प्रदेश सरकारको साथ आवश्यक भएको बताए । नगर प्रमुख विष्टले पालुङ शहरको फल्चा सहितको जोर ढुङ्गेधारा निर्माणका लागि सहयोग गरिदिन इस्टिमेट सहितको प्रस्ताव मन्त्री फुयाँललाई हतान्तरण गरे ।

थाहा नगरपालिका वडा नम्बर २ का अध्यक्ष गुप्त बहादुर कार्कीको सभाध्यक्षतामा भएको कार्यक्रममा नगर उपप्रमुख खड्ग गोपाली, थाहानगर उद्योग वाणिज्य संघका महासचिव सुरेन्द्रमान प्रधान, नेकपाका नेता राजु नापित, श्यामभक्त श्रेष्ठ, बहुउद्देश्यीय सहकारी संघ मकवानपुरका कोषाध्यक्ष विमलकुमार ढकाल, स्थानीय समाजसेवी नेत्र प्रधान, दिपेन्द्र प्रधान, पाण्डुकेश्वर क्षेत्र विकास समितिका अध्यक्ष जनक हमाल, इलाका प्रहरी कार्यालय पालुङका प्रमुख विकास कुमार तामाङलगायतकाको उपस्थिती रहेको थियो । पालुङ शहरका युवाहरूको नेवारी बजागाजासहितको उक्त कार्यक्रममा पालुङको ऐतिहाँसिकताको विषयमा सम्पदा संरक्षण समितिका अध्यक्ष जंगली राजकुमार प्रधानले जानकारी गराएका थिए ।

# थाहानगरमा मिनीमार्ट संचालनमा आयो



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ३ थानाबजारमा सुपर मार्केटको अवधारणा सहित मिनी मार्ट संञ्चालनमा आएको छ ।

थाना बजारमा सपिङ्ग मार्ट संञ्चालनमा आएको हो ।करिब एक करोड लगानिमा मिनी मार्ट संञ्चालन गरिएको मिनी मार्ट संञ्चालक युगल ढकालले जानकारी दिए । थाहानगरमा व्यवस्थित किराना पसलको अभाव रहेकोमा मिनी मार्ट त्यो अभावलाई परिपुर्ति गरेको स्थानिय उपभोक्ता उकेश चन्द्र केसीले बताए ।हाल मार्टमा खाद्यान्न, कस्मेटिक,ग्यास लगाएत बच्चा देखी बुढा सम्मका लागि आवश्यक सामाग्री तथा घरका चुलासम्मका सामान पाउनुका साथै होम डेलिभरीको समेत व्यवस्था रहेको संचालक ढकालले बताए ।

विस्तारै यो मार्टको शाखाहरू थाहानगरका मुख्य बजार क्षेत्रमा पनि विस्तार गर्दै लैजाने मार्टका अर्का संञ्चालक बद्रि ढकालले जानकारी दिए ।

# चित्लाङका अग्निपीडितलाई आर्थिक सहयोग

◆ विकास संवाददाता

गएको जेठ १७ गते आगलागीमा परी घर, खाद्यान्न, लत्ताकपडासहित सबै सामानहरू जलेपछि पीडामा परेका थाहा नगरपालिका-१० विसिङखेलका तीन परिवारलाई समाजसेवी युवाहरूको पहलमा २ लाख १५ हजार रूपियाँ सहयोग प्रदान गरिएको छ । कतारस्थित बिसित्ले युवा समाज कतारको पहलमा संकलन गरिएको १ लाख र काठमाण्डौं तथा स्थानीय क्षेत्रबाट संकलन गरिएको १ लाख १५ हजार गरी अग्नि पीडितलाई जम्मा २ लाख १५ हजार रूपिया सहयोग गरिएको अभियन्ता गोकुल बस्नेतले जानकारी दिए ।

घर जलेर नष्ट भएपछि घर बासबिहिन भएका उनीहरूका लागि सहयोग जुटाउन बिसिङखेल युवा समाज कतारमार्फत् पुस्कर गमाल, अक्कल गमाल लगायतले पहल शुरू गरेका थिए भने बिसिङ्खेल क्षेत्रबाट काठमाण्डौंमा विभिन्न पेसा-व्यवसाय गरी बसेका युवाहरू गोकुल बस्नेत, जनक गमाल, डम्बर गमाल लगायतले पहलकदमी शुरू गरेका थिए ।

२ कात्तिकमा पीडितको घरमै पुगेर वडाअध्यक्ष हिराबहादुर गमालको साथमा अभियन्ताहरूको टोलीले सहयोग हस्तान्तरण गरेको हो । अग्नि पीडितहरू जीवन गमाललाई ९८ हजार ७००, सानोकाजी गमाललाई ५८ हजार ३०० र




हेमकर्ण गमाललाई ५८ हजार ३०० रूपिया सहयोग गरिएको अभियन्ता जनक गमालले बताए ।

पीडित परिवारमध्ये माथिल्ला तलामा रहेको झ्यालबाट हाम फाल्दा घाइती भएकी २८ बर्षीया किरणदेबी गमालको उपचारमा समेत सहयोग गरिएको उनीहरूको भनाइ रहेको छ । काठमाण्डौं कलंकीस्थित सहिद मेमोरियल हस्पिटलमा भर्ना गरिएकी किरणदेवीको हाल डिस्चार्ज भए पनि पूर्ण रूपमा निको हुन सकेको छैन । उक्त घटनामा किरणदेवीका ८ बर्षीय छोरा जेम्स र कान्छो छोरा ८ महिनाको आवास गमाल पनि घाइते भएका थिए ।

सहयोग हस्तान्तरण कार्यक्रममा वडा अध्यक्ष हिराबहादुर गमाल, पूर्व वडा अध्यक्ष हरिदास गमाल, हिरा गमाल, प्याठा गमाल, उत्तम लामिछाने लगायत समाजसेवीहरूको सहभागिता रहेको थियो ।

thahatimes.com

# बरिना बल, किबी खेतीमा सफल



◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका वडा नम्बर ४ ठुलोमाखुकी ३४ वर्षिय बरीना बल तामाङको बारीमा अहिले लटरम्म किवी फलेको छ। किबीका साना विरूवासंगै ठुला बोटमा किबी फल्न थालेका छन् । ३४ वर्षिय महिलाको प्रयासमा तरकारी र फलफूल खेतीले गर्दा वरपरका गाउँले समेत चकित परेका छन्। आफ्नो एक्लैको प्रयासले किबी र तरकारी खेती गरेको उनी बताउँछिन्।


पाँच वर्ष अगाडी थाहा पौरखी कृषी प्रालि फार्म दर्ता गरेर उनले महिला हरूले पनि चाहेमा काम गर्न सक्छन् भन्ने उदाहरण बनेकी छिन् । उनको किबी खेतीप्रतिको मिहिनतलाई बागमती प्रदेशको भूमि व्यावस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तरगतको कृषि विकास निर्देशनालय हेटौंडाले सहयोग गरेको छ। भिरालो जमिनमा सिंचाइ गर्नका लागि थप समस्या हुने भएपछी लिफ्ट सिंचाइका लागि सहयोग गरिएको निर्देशनालयका निर्देशक रविन्द्र बहादुर प्रधानले बताए।


लिफ्ट सिंचाइका कारण पानीको समस्या भने अहिले हटेको छ। राम्रो काम गर्ने र मेहनत गर्ने किसानका लागि लिफ्ट सिंचाइबाट काम गरिएको प्रधानले बताए। महिलाले निकै मेहनतका साथ काम गरेको र सफल देखिएकाले उनलाई सहयोग गरिएको हो। तामाङले सुरूमा अनुसन्धानको लागि ५० बोट किबी लगाएर सुरू गरेको र त्यसबाट राम्रो आम्दानी भएपछि थप किबी खेती गरेको अनुभव सुनाउँछिन् । ८ वर्ष पुरानो किवीको एउटा बोटमा वर्षको ४० किलोसम्म फल्ने गरेको उनले सुनाइन् ।

विज्ञका अनुसार किवीको आयु ६० वर्ष हुने विश्वास गरिएको छ । अहिले किसानको बारीबाट किबी प्रतिकेजी २ सय देखि २ सय ५० सम्ममा बिक्री हुने गरेको छ । हेवार्ड, ब्रुनो र एलिसन लगायतको जातको किवी बारीमा लगाइएको छ । कूल २ सय रोपनी जग्गामा खेती गरिरहेको उनले बताइन् । अहिले जम्मा ४ हजार किवीको बोट छ। सबै बोटमा किवी फल्न सुरू भएको छ। किवीको बोट सानो भएकोले किवीको बोटको वरीपरि मुला र लसुन खेती समेत फस्टाएको छ ।

करिब १ करोड ५० लाख व्यक्तिगत लगानीमा उनले काम गरेको बताइन् । लिफ्टीङ सिँचाईको लागि बागमती प्रदेश सरकारको ३५ लाख अनुदान प्राप्त भएको र यसका कारण धेरै सहयोग पुगेको उनको भनाइ छ । लिफ्टीङ सिँचाईको लागि मोटर चलाउन सोलार प्यानल जडान गरिएको छ । कृषि विकास निर्देशनालय हेटौंडाले दिएको लिफ्टीङ सिँचाइले किवी र तरकारी खेतीको लागि निक्कै सजिलो भएको छ ।

सिँचाई नहुने खोलाभन्दा उच्च स्थानमा भएकाले लिफ्टीङ सिँचाइको निक्कै महत्वपूर्ण काम गरेको निर्देशनालयका निर्देशक प्रधान बताउँछन्। किवीबाट वार्षिक कम्तिमा ५० लाख उत्पादन हुने लक्ष बरिनाको छ। किवी खेतीसंगै अर्को वर्षबाट मनपाहा पालन पनि गर्ने योजना रहेको बलले सुनाइन् ।




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी